## कार्यपालिका बैठक संख्या - १९६ औं बैठक

आज मिति २०८३।०२।१३ गते विहान ०८:०० बजे पूर्वखोला गाउँपालिका अध्यक्ष श्री नुन बहादुर थापा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक पालिका बैठक कक्षमा बसी तपसिल बमोजिमको एजेन्डाहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति

| क्र.स | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष श्री नुन बहादुर थापा | पूर्वखोला गा.पा अध्यक्ष | |
| २ | श्री भागिरथी भट्टराई | पूर्वखोला गा.पा उपाध्यक्ष | |
| ३ | श्री राजु नेपाल | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| ४ | मेहर सिंह थापा | प्रवक्ता एवंम् वडा अध्यक्ष वडा न. ४ | |
| ५ | श्री गिरीमान आले | वडा अध्यक्ष वडा नं. १ | |
| ६ | श्री निर बहादुर सारु | वडा अध्यक्ष वडा नं. २ | |
| ७ | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष वडा नं. ३ | |
| ८ | श्री विष्णु कुमार पल्ली | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री धन बहादुर घर्ती | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री भिमी सरा आले | कार्यपालिका सदस्य | |
| ११ | श्री देवीसरा गाहा | कार्यपालिका सदस्य | |
| १२ | श्री रेवती सरा घर्ती | कार्यपालिका सदस्य | |
| १३ | श्री ललिता दर्लामी | कार्यपालिका सदस्य | |
| १४ | श्री राजु परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री चन्द्रसिं बर्मेली | कार्यपालिका सदस्य | |

आमन्त्रित:

| | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १६. | सूचना ज्ञवाली | सूचना प्रविधि अधिकृत | |
| १७. | शान्ति आचार्य | कार्यालय सहयोगी | |

बैठकका एजेन्डा:

१) अघिल्लो १९५ औं कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा,
२) बैठक आयोजना सम्बन्धमा,
३) आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा,
४) योजना तर्जुमा सम्बन्धमा,
५) विविध:
  क) पहिरो रोकथाम सम्बन्धमा,
  ख) पदपूर्ति सम्बन्धमा,
  ग) औषधी खरिद सम्बन्धमा,
  घ) शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा,
  ङ) भुक्तानी अनुमोदन सम्बन्धमा,
  च) ज्याला निर्धारण सम्बन्धमा,
  छ) नक्सा दस्तुर सम्बन्धमा,
  ज) विपद कोष तथा खाता संचालन सम्बन्धमा,
  झ) आर्थिक सहायता सम्बन्धमा,
  ञ) ठुला आयोजनाको म्याद थप सम्बन्धमा,
  ट) सरुवा सहमती सम्बन्धमा,

## निर्णयहरु:

१) अघिल्लो १९५ औं कार्यपालिका बैठकको समिक्षा गरी यस अघि भएका अधिकांश निर्णयहरु कार्यान्वयन भएको तथा केही निर्णयहरु कार्यान्वयनको चरणमा गएको पाईयो।

२) आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम र योजना तर्जुमा गर्ने सम्बन्धमा मार्गदर्शन उपलब्ध गराउन गाउँपालिका अन्तर्गतका सबै विषयगत समितिको बैठक अनिवार्य बसी उपयुक्त राय सल्लाह सुझाव पेश गर्न सबै विषयगत समितिहरुलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

३) पूर्वखोला गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्नको लागि तपसिल बमोजिमको नीति तथा कार्यक्रम मस्यौदा समिति गठन गर्ने निर्णय गरियो। साथै उक्त समितिले आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम मिति २०८३/०२/२५ गतेको कार्यपालिका बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल:

| क्र.स. | नाम थर | कैफियत |
|---|---|---|
| १ | भागीरथी शर्मा भट्टराई | संयोजक |
| २ | राजु नेपाल | सदस्य |
| ३ | मेहर सिं थापा | सदस्य |
| ४ | कृष्ण प्रसाद भट्टराई | सदस्य |
| ५ | चन्द्र सिं बर्मेली | सदस्य |

नुन बहादुर थापा
अध्यक्ष

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

४) पूर्वखोला गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को योजना तर्जुमा गर्नको लागि बस्तीस्तरका योजना संकलन कार्य मिति २०८३/०२/२५ गते भित्र सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो।

५) विविध:

क) पूर्वखोला गाउँपालिका वडा नं. ५ भैसादीमा बाटो निर्माण गर्ने क्रममा जमिन कमजोर भई अविरल वर्षाका कारण पहिरो गएको र तत्काल पर्खाल निर्माण गरी रोकथाम नगरेमा मानव बस्ती नै जोखिममा पर्ने भनी स्थानीय चुर बहादुर सारु र जिन बहादुर सारुले गाउँपालिकामा निवेदन पेश गरेकाले उक्त क्षेत्रमा पर्खाल निर्माण गर्नका लागि प्राविधिक अनुमानका आधारमा बढीमा १ लाख रुपैया सम्म आकस्मिक तथा विपद व्यवस्थापन शीर्षक बाट खर्च लेखी भुक्तानी दिने गरी उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

ख) विविध कारणले गर्दा गाउँपालिकामा स्वास्थ्य सेवा तर्फका तपसिलमा उल्लेखित पद र संख्यामा जनशक्ति रिक्त भएको र दक्ष जनशक्तिको अभावमा स्वास्थ्य जस्तो संवेदनशिल विषयमा सेवा प्रवाह अत्यन्त प्रभावित भएको सन्दर्भमा स्थायी पदपूर्ति भई आएमा स्वतः पद रिक्त हुने गरी तत्काल करारमा पदपूर्ति गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

अ) अ.न.मी. - २ (२४ घण्टे र सामुदायिक नर्सिङ्ग)

आ) हेल्थ असिष्टेन्ट - २

इ) अ.हे.ब. - १

ग) आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत औषधी खरीद शीर्षकमा रकम विनियोजन भएको र सो औषधीं खरीदका लागि ठेक्का आव्हान गरिएकोमा ठेक्का कबोल गर्ने फर्मले न्यून मूल्यमा कबोल गरेका कारण उक्त शीर्षकमा विनियोजित रकम बचत भएको सन्दर्भमा बचत भएको रकम बराबरको औषधी कार्यालयको आवश्यकताका आधारमा ठेक्कामा उल्लेखित दररेटमा नै खरीद गर्ने सर्वसम्मत निर्णय गरियो।

घ) गाउँ शिक्षा समितिको मिति २०८२/११/०६ गते बसेको बैठकबाट गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि स्वीकृत विद्यालय वातावरण सुधार कार्यक्रम( फुलबारी तथा सरसफाई) मा प्रति विद्यालय रु ५०००/- का दरले रकम विनियोजन गरिएको तर गाउँपालिकाबाट उक्त कार्यक्रम सञ्चालन गर्न प्रस्ताव आव्हान गर्दा १९ वटा विद्यालयहरु मांत्र ईच्छुक देखिएकाले प्रति विद्यालय ९०००/- कायम गर्न सकिने देखिएकाले गाउँपालिकाको कार्यक्रम कार्यान्वयन कार्यविधी संसोधन गरिदिन अनुरोध भई आएकाले बैठकको अनुरोध बमोजिम कार्यविधीमा रहेको प्रति विद्यालय रु ५०००/- का दरले अनुदान उपलब्ध गराउने भन्ने बुँदाको सट्टा रु ९०००/- सम्म उपलब्ध गराउन सकिनेछ भन्ने बनाउने सर्वसम्मत निर्णय गरियो। साथै गाउँ शिक्षा समितिको मिति २०८३/०१/३१ गते बसेको बैठकको कमला प्राथमिक विद्यालय, जल्पा-२ आर्कीडाँडालाई कुनै पनि विद्यार्थी भर्ना नभएका कारण सोही वडामा रहेको श्री शम्भु मा.वि. मा समायोजन गर्ने र त्यस विद्यालयमा रहेका जनशक्तिहरु मध्ये ECD शिक्षकलाई कमला आ.वि. मैदानमा र प्रा.वि. शिक्षक तथा परिचरलाई शम्भु मा.वि.मा पदस्थापन गर्ने भन्ने निर्णय अनुमोदन गर्ने समेत सर्वसम्मत निर्णय गरियो।

ङ) मिति २०८३/०१/२५ गते देखि हालसम्म कार्यालयबाट विविध शीर्षकहरुमा भुक्तानी गरिएको विविध खर्चहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

नुन बहादुर थापा
अध्यक्ष

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

च) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका कार्यक्रमहरुमा दिईने पारिश्रमिक प्रति श्रमिक प्रति दिन रु.७५४/- दिईदै आएकोमा यस जिल्लामा अदक्ष श्रमिकको न्यूनतम ज्याला रु. ७४५/- रहेकाले अब उप्रान्त यस कार्यक्रम अन्तर्गतका श्रमिकलाई पनि जिल्ला दररेट अनुसार नै प्रतिदिन रु ७४५/- नै भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

छ) गाउँपालिकाले घर नक्सा पास अनिवार्य गर्न गईरहेको सन्दर्भमा नक्सा दस्तुर निर्धारण गर्ने प्रयोजनका लागि छिमेकी स्थानीय तहको अभ्यास एवं समसामयिक अवस्था विश्लेषण गरी २०८३/०२/२४ गते भित्र गा.पा. अध्यक्ष समक्ष राय सुझाव सहितको प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

| क्र.सं. | नाम,थर | पद |
|---|---|---|
| १ | निर बहादुर सारु | संयोजक |
| २ | राजु परियार | सदस्य |
| ३ | ई.लक्षमण न्यौपाने | सदस्य-सचिव |

ज) विपद सम्बन्धी जुनसुकै कार्य सञ्चालन गर्नका गाउँपालिकामा अविलम्ब विपद सम्बन्धी छुट्टै कोष तथा खाता सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

झ) कार्यालयमा प्राप्त सहयोग, आर्थिक सहायता, जिन्सी सामाग्री उपलब्ध गराउने लगायतका निवेदनहरु उपर छलफल गर्दा तपसिल बमोजिमको सहयोग/सहायता उपलब्ध गराउने निर्णय गरियो।

तपसिलः

| क्र.सं. | नाम,थर | सहयोगको प्रकृति | रकम वा जिन्सीको विवरण |
|---|---|---|---|
| १ | श्री जनसेवा युवा समुह | बिभिन्न प्रतियोगितामा गाउँपालिकाको तर्फबाट खेलाडी सहभागी गराए वापत नगद | बिल भर्पाई बमोजिम ५२,१००/- भुक्तानी दिने |
| २ | शिव दुर्गा मन्दिर व्यवस्थापन | साउण्ड सिस्टम खरीदका लागि नगद | ३०,०००/- |
| ३ | यमान सिं मश्राङ्गी<br>पूर्वखोला-२,जल्पा | चट्याङ्गबाट २ वटा मुर्रा भैसी र पाडीको मृत्यु भएकोले नगद | १५,०००/- |
| ४ | खेम बहादुर सार्की<br>पूर्वखोला-२,जल्पा | खोलाले खेतमा क्षति पुऱ्याएकाले रोकथामका लागि तारजाली | ईस्टिमेट अनुसार |
| ५ | नेपाल आदिवासी जनजाति महासंघ | कार्यक्रम सञ्चालनका लागि नगद | ६,०००/- |
| ६ | कोपिला पन्थी<br>पूर्वखोला-१,सिलुवा | खानेपानीका लागि २५MM को पाईप | ७५ मिटर |

पूर्ण बहादुर थापा
अध्यक्ष

राजु ...
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ७ | कुल बहादुर बयम्बु पूर्वखोला-१,सिलुवा | समुहगत् खानेपानीका लागि २५ MM र ३२ MM को पाईप | १५० मिटर |
| ८ | सहवीर वि.क. पूर्वखोला-१,सिलुवा | औषधोपचारका लागि सहयोग नगद | ३०,०००/- |

ञ) गाउँपालिकामा टेण्डर मार्फत सञ्चालित विविध योजनाहरुमा विविध कारण देखाई ठेकेदारहरुले म्याद थपका लागि कार्यालयमा निवेदन पेश गरेकोमा प्राविधिक शाखाबाट तत् तत् योजनाहरुको प्रगती, ठेकेदारहरुको कार्य सम्पन्न गर्ने प्रतिबद्धता जस्ता आधारहरुमा रही प्रतिवेदन तयार गर्न लगाई सो प्रतिवदेनमा रहने प्राविधिक शाखाको सिफारिशका आधारमा बढीमा असार १५ गते सम्म म्याद थप गर्ने भन्ने सर्वसम्मत निर्णय गरियो।

ट) यस गाउँपालिका अन्तर्गतको देवीनगर स्वास्थ्य चौकीमा कार्यरत् अ.न.मी. (सहायक चौथो) सदभामा यादवले पारिवारिक तथा व्यक्तिगत् कारण देखाई यशोधरा गाउँपालिका कपिलवस्तुमा सरुवा हुनका लागि यशोधरा गाउँपालिकाको सरुवा सहमती समेत संलग्न गरी सहमती माग गरेकोमा निजलाई सरुवा हुन चाहेको गाउँपालिकामा पदस्थापन हुने गरी सरुवा भई जान सहमती प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

नुन बहादुर थापा
अध्यक्ष

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत